मिति : २०७६।०५।२५ बुधवार

समय : बेलुकी :५:१५ बजे

स्थान : पनौती न.पा. भवन

आज मिति २०७६ साल भाद्र २५ गते बुधवारका दिन पनौती नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूको अध्यक्षतामा पनौती नगर कार्यपालिकाको ७६ औं बैठक बस्यो, बैठकमा देहाय बमोजिमको उपस्थिति रहयो ।

उपस्थिति

| सि.नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री भिम न्यौपाने | प्रमुख | द.ख. |
| २ | श्री गिता बन्जारा | उप प्रमुख | - |
| ३ | श्री गुणनाथ सापकोटा | वडा अध्यक्ष वडा नं. १ | द.ख. |
| ४ | श्री पुरूषोत्तम अधिकारी | वडा अध्यक्ष वडा नं. २ | द.ख. |
| ५ | श्री किशोर थापा | वडा अध्यक्ष वडा नं. ३ | द.ख. |
| ६ | श्री बुद्धसिंह थापा | वडा अध्यक्ष वडा नं. ४ | द.ख. |
| ७ | श्री श्रीधर पाध्या कुईकेल | वडा अध्यक्ष वडा नं. ५ | द.ख. |
| ८ | श्री सुधिर सापकोटा | वडा अध्यक्ष वडा नं. ६ | द.ख. |
| ९ | श्री रामचन्द्र नास्नानी | वडा अध्यक्ष वडा नं. ७ | द.ख. |
| १० | श्री केशव बन्जारा | वडा अध्यक्ष वडा नं. ८ | द.ख. |
| ११ | श्री शहकुलकुमार हुमागाई | वडा अध्यक्ष वडा नं. ९ | द.ख. |
| १२ | श्री मोहनबहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १० | द.ख. |
| १३ | श्री सिता सत्याल | का.वा. वडा अध्यक्ष वडा नं. ११ | द.ख. |
| १४ | श्री इश्वरराज जंगम | वडा अध्यक्ष वडा नं. १२ | द.ख. |
| १५ | श्री चण्डिका परियार | न.का.पा.स. | द.ख. |
| १६ | श्री निला अधिकारी | न.का.पा.स. | द.ख. |
| १७ | श्री भवानी विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १८ | श्री राधिका विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| १९ | श्री सिता श्रेष्ठ | न.का.पा.स. | द.ख. |
| २० | श्री केवल रम्तेल | न.का.पा.स. | द.ख. |
| २१ | श्री मदन विश्वकर्मा | न.का.पा.स. | द.ख. |
| २२ | श्री रामकाजी पहरी | न.का.पा.स. | द.ख. |
| २३ | श्री हरिप्रसाद चापागाई | प्रमुख प्रशासकीय अधिकृत | द.ख. |
| २४ | श्री इन्द्रप्रसाद अधिकारी | बरिष्ठ प्रशासकीय अधिकृत | द.ख. |
| २५ | श्री केशव कर्माचार्य | खरिदार | द.ख. |

निर्णय प्रतिलिपि उतार
निर्णय प्रतिलिपि

अधिकारी
प्रशासकीय अधिकृत

**प्रस्तावहरू**

१. जग्गा भोग चलन सम्बन्धमा ।

२. योजना सम्बन्धमा ।

३. सेक्स सिमेन कार्यक्रम

४. खर्च व्यहोर्ने सम्बन्धमा ।

५. योजन संशोधन सम्बन्धमा ।

६. प्रमुखको बैदेशिक अध्ययन भ्रमण सम्बन्धमा ।

७. फोहरमैला व्यवस्थापन सम्बन्धमा ।

८. आर्थिक सहयोग सम्बन्धमा ।

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक, ३ नं. प्रदेश, नेपाल

निर्णय प्रमाणित

हरि प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत

**निर्णयहरू :**

१) प्रस्ताव नं १ उपर छलफल गर्दा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, काठमाण्डौंको च.नं. १९१ मिति ०७६।०५।२३ को प्राप्त पत्रानुसार प्रतिष्ठानको माग आवश्यकताका आधारमा यस नगरपालिका क्षेत्रभित्रका निम्न कित्ता जग्गाहरू प्रतिष्ठानले सर्वसाधारणलाई थप सहज हुने गरी भोग चलन गर्न पाउने गरी सहमती प्रदान गरि दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत वन तथा वातावरण मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

| सि.नं. | स्थान ठेगाना | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|
| १ | साविक सुन्थान ७ (ख) | ११६ | ७०-१३-०-२ | |
| २ | साविक सुन्थान ८ | १२३ | २४-१३-३-० | |
| ३ | साविक सुन्थान ८ | १३१ | २८-००-१-० | |
| ४ | साविक सुन्थान ८ | ५१८ | ०२-१४-३-२ | |
| | | जम्मा | १२६-१०-०-० | |

२. प्रस्ताव नं २ उपर छलफल गर्दा पावरहाउस ख्याकु, बल्थली योजनाको भएको कामको मूल्याङ्कन गरि उक्त कार्यको निर्माण कार्यमा संलग्न फर्मलाई नियमानुसारको कर कट्टा गरि खुद रू. १७,१९,९४८।- (अक्षरेपी सत्र लाख उन्नाइस हजार नौ सय अठ्चालिस र पैसा उन्नाचास) अन्तिम बिल सम्बन्धित पक्षलाई भुक्तानी दिने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नं. ३ र १० मा निश्चित मापदण्डका आधारमा सेक्स सिमेन कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा जिल्ला समन्वय समिति काभ्रेद्धारा यही ०७६ असोज ४ र ५ गते आयोजना हुने क्षमता विकास योजना कार्यक्रममा सहभागीहरूलाई १ दिन बरावरको खाना व्यवस्थापन खर्च व्यहोर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा यस नगरपालिकाको वडा नं. १० को चालु बर्षका लागि स्वीकृत निम्न योजनालाई सम्बन्धित वडाको सिफारिशमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | स्वीकृत योजनाको नाम | संशोधन हुनुपर्ने नाम |
|---|---|---|
| १ | फड्केश्वर घाट तथा मन्दिर परिसर सुधार | फड्केश्वर मन्दिर परिसर सुधार |

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा नेपाल सरकार मार्फत मित्रराष्ट्र चीनको वैदेशिक अध्ययन भ्रमणमा सहभागी हुन यस नगरपालिकाका प्रमुख श्री भीम न्यौपानेज्यूलाई सहमति प्रदान गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रको एकिकृत फोहरमैला व्यवस्थापनका लागि सिन्धु सरसफाई केन्द्र मार्फत प्राप्त हुन आएको प्रस्ताव अध्ययन गरि राय सुझाव पेश गर्न उक्त प्रस्ताव सम्बन्धित बिषयगत वातावरण तथा विपद् व्यवस्थापन समितिमा पठाउने निर्णय गरियो ।

८. इन्डोनेसियाको एसिया वर्ल्ड मोडल युनाईटेड नेसन्स ३ सम्मेलनमा भाग लिन पनौती नगरपालिका वडा नं. ५ निवासी रंजिता थापालाई रू. २५,०००।- (पच्चीस हजार) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय प्रमाणित

हरि प्रसाद चापागाई

प्रमुख प्रशासकीय अधिकृत